संक्षिप्त संस्करण

ネパール語

रेइवा ६ साल (२०२४ साल) ५ महिना

# त्सुरुमि वडा बहुसांस्कृतिक सह-अस्तित्व मूल दिशा-निर्देश

## ～बहुसांस्कृतिक सह-अस्तित्व समाजको थप विकासका लागि नीतिहरूको निर्देशन～

### मूल्याङ्कन उद्देश्य


त्सुरुमि वडामा, बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्द्धन गर्ने कार्य योजना हेइसेइ २० सालमा 「त्सुरुमि वडा बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्द्धन कार्य योजना」 बनाइएर, स्थानीय समुदाय र व्यवसायी, संस्थाहरू आदिसँग मिलेर काम गरि,विभिन्न कदमहरू अघि बढाएको थियो। त्यस पछि, विदेशी बासिन्दाको संख्यामा बहुराष्ट्रियता बढ्दै जाँदा, समाजमा जनसंख्या घट्ने र बुढ्यौलीको जनसंख्या वृद्धि जस्ता समस्याहरू बढ्दै जाने आदि, जसले गर्दा यस वडा क्षेत्रका बासिन्दाहरूको वरपरको वातावरणमा ठूलो परिवर्तन ल्याएकोले रेइवा ३～५ सालमा त्सुरुमि वडामा बसोबास गर्ने विदेशीहरूको अवस्था इत्यादिको सन्दर्भमा सर्वेक्षण गरियो।

यो दिशा-निर्देशले यस अनुसन्धान आदि नतिजाको आधारमा त्सुरुमि वडा बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्द्धन गर्ने कार्य योजनाको समीक्षा गरेर, बहुसांस्कृतिक सह-अस्तित्व समाजको थप विकासका लागि नीतिहरूको निर्देशन गर्ने कार्य हो।

### त्सुरुमि वडामा बसोबास गर्ने विदेशीहरूको स्थिति

—रेइवा ३ साल त्सुरुमि वडा विदेशी जनसंख्या आधारभूत सर्वेक्षण・निवासी आधार दर्ता बाट—


【विदेशीहरूको संख्यामा परिवर्तन】 निवासी आधार दर्ता हरेक वर्ष डिसेम्बर अन्तिममा




यो २० वर्षमा यस क्षेत्रमा विदेशीको संख्या र अनुपात झण्डै दोब्बर भएर, अहिले यस क्षेत्रका बासिन्दाहरू मध्ये २० जना मध्ये १ विदेशी छन्।


【विदेशी बासिन्दा १०० भन्दा बढी भएका देश / क्षेत्रको संख्या】

निवासी आधार दर्ता प्रत्येक वर्ष डिसेम्बर अन्त्य हाल




राष्ट्रियताको विविधता पनि बढीरहेको, भाषा वा संस्कृति / परम्परा आदिको विविधता पनि बढ्दै गएर आवश्यकता वा आवश्यक सहायता पनि विविध छ।

【उमेर संरचना अनुसारको अनुपात】 जनसंख्या आधारभूत सर्वेक्षण / निवासी आधार दर्ता रेइवा ३ साल जनवरी १ तारिक हाल




वडा भित्र बसोबास गर्ने विदेशी नागरिकहरूमा २० / ३० उमेर हदकाले ५०% ओगटेको, औसत उमेर ३५.२० वर्ष छ। जापानी लगायत वडा सम्पूर्ण क्षेत्रको औसत उमेर ४४.३६ वर्ष र अनुपातमा युवा पुस्ता धेरै छ।

### निवासी विदेशीको आवाज

—रेइवा ४ / ५ साल त्सुरुमि वडा विदेशी जागरूकता सर्वेक्षण बाट—

**जीविका गर्न सजिलो महसुस भएको कुरा**

- विभिन्न देशका मानिसहरू भएकोले मेल मिलाप गर्न सजिलो। समान देशको साथीहरू र जापानी सहकर्मीहरूसँग पनि सुचना आदानप्रदान गरिरहेको।
- जापानी भाषामा बानी नपर्दा पनि, बच्चाहरूको स्कूलको अभिभावकहरू दयालु, धेरै कुरा गर्छन्।
- बच्चा बिरामी भएको बेलामा डेकेयरसँग सल्लाह गरेर अस्पताल पनि परिचय गरिदिनु भयो।
- जापानी भाषा कक्षा शिक्षकले जापानमा बस्न र काम गर्न आवश्यक पर्ने कदमहरू पनि सिकाइदिनुभयो।
- स्थानीय कार्यक्रममा मातृभूमिको खाना र संगीतको परिचयको माध्यम बाट स्थानीय मानिसहरूसँग राम्रो सम्बन्ध बनाउन सक्षम भएँ। अन्तर्राष्ट्रिय विद्यार्थीहरू चाडपर्वहरूमा भाग लिइरहेका केही क्षेत्रहरू पनि छन्।

**जीविका गर्दाको समस्या र आवश्यकताहरू**

- जापानी भाषा कहाँ सिक्न सकिन्छ ?
- नजिकै सिक्ने ठाउँ भए राम्रो।
- जीवनका जानकारी कहाँ छ?
  बहुभाषी र बुझ्न सजिलो हुने गरि सुचना प्रबाह गरिदिए राम्रो।
- कागजातमा केवल महत्वपूर्ण कुराहरू स्पष्ट रूपमा उल्लेख गरिदिए राम्रो।
- वडा कार्यालय र अस्पतालमा कठिन प्राविधिक शब्दहरू धेरै भएकोले बुझ्न गाह्रो छ।

आदि

बिरामी भएँमा कहाँ जादा राम्रो?
भर्ना र परीक्षाको प्रक्रिया कठिन।
विपद् आउँदा कहाँ शरण लिदा राम्रो ?
हेरचाह बीमा र पेन्सनहरू आदि, जापानमा मातृभूमिमा नभएका जस्ता प्रणाली र संस्कृतिहरू धेरै भएकाले बुझ्नलाई मद्दत गर्ने केही झलक भए राम्रो हुने थियो।आदि

- विदेशीहरू जमघट गर्ने अवसर र जापानीहरू सँग कुराकानी गर्ने अवसर गर्ने चाहिन्छ।
- आफ्नो क्षमता प्रयोग गरेर काम वा गतिविधिहरू गर्न चाहन्छु।
- केटाकेटीहरू सँग जान सक्ने खेल मैदान वा कार्यक्रमहरू बारे जान्न चाहन्छु।
- स्थानीय स्वायत्त समिति र मोहल्ला समिति के गर्ने थलो हो थाहा छैन।

आदि

**बिदेशीहरु पनि जीविका गर्न सजिलो सहर बन्ने उपाय**

1. **सञ्चार सहायता**
   शब्द, सूचना संकलनको अवसर, अध्ययन सहायता आदि
2. **जीविका सहायता**
   आवास, रोजगार, कल्याण, विपद् व्यवस्थापन आदि
3. **क्षेत्रीय र सामाजिक साझेदारी प्रवर्द्धन**
   क्षेत्रीय गतिविधिमा सहभागिता, सीप प्रदर्शन आदि

- लक्षित आकृति -

# देश र संस्कृतिको भिन्नताहरू पार गर्दै जोकोही पनि जीवन्त बस्ने शहर・त्सुरुमि

बहुसांस्कृतिक सह-अस्तित्व समाजको थप विकासका लागि प्रशासन, क्षेत्र, व्यवसायी र संघसंस्थाबीच सहकार्य गरी नीतिहरू अगाडि बढाइनेछ

## ३ वटा उपाय

### ① संचार सहायता

#### उपाय १

#### सूचना पहुँच र परामर्श / अध्ययन सहायताको समृद्धि मार्फत सम्बन्ध निर्मा

विदेशीलाई पनि जापानी जस्तै जीविकाको लागि आवश्यक सूचना र अधिकार/कर्तव्यहरू सिक्न मद्दत गर्न, बहुभाषिकीकरण र सञ्चार विधिहरू सुधार गर्न, "सरल जापानी" को प्रयोगलाई बढावा दिनका साथै जापानी भाषा सिक्ने अवसरहरू बढाउने प्रयास गरिने छ।

**उदाहरण**

- जीविका जानकारीको बहुभाषीकरण र अनुवाद उपकरणको विकास, "सरल जापानी" को सक्रिय प्रयोग।
- Web・SNS को प्रयोग गरेर समयमै सूचनाको प्रसारण
- सहायता संस्था र पसल आदि मार्फत निरन्तर सूचनाको प्रसार र आवश्यकताको पहिचान
- जापानी भाषा सहायता स्वयंसेवकहरूको विकास र अध्ययन आवश्यकतासँग मिलान प्रवर्द्धन

### ② जीविका सहायता

#### उपाय २

#### व्यक्तिगत सुरक्षा र सुरक्षित जीविकालाई सहायता गर्न प्रणाली निर्माण

प्रत्येकको जीवन चक्र र निवास अवधि अनुसार सेवा प्रदान गरि, संस्कृति र भाषा, प्रणाली आदिको भिन्नताको प्रवाह नगरि, विदेशीहरूलाई सुरक्षित र आरामदायी जीविका गर्न सहायता गरिन्छ।

**उदाहरण**

- दैनिक समस्याहरूको लागि परामर्श उपलब्ध
- आवास र रोजगार खोज्न सहायता र पछिको हेरचाहमा मद्दत
- स्वास्थ्य, चिकित्सा र कल्याणकारी सेवाहरूको निरन्तर आपूर्ति
- बाल हेरचाह र शिक्षा प्रणालीको सुनिश्चित
- विपद्को बेलाको पूर्वतयारी प्रवर्द्धन, सहायता प्रणालीको सुदृढीकरण

### ③ क्षेत्रीय र सामाजिक साझेदारी प्रवर्द्धन

#### उपाय ३

#### विदेशी र जापानीहरूले एक अर्कासँग सिक्ने र सहयोग गर्ने क्षेत्र सिर्जना गर्ने

विदेशीलाई स्थानीय समुदायको सदस्यको रूपमा आत्मनिर्भर जीविका गर्न सक्षम बनाउन र विभिन्न समुदायहरूमा आफ्नो पहिचानमा सक्रिय हुने गरि, यस क्षेत्रमा बहुसांस्कृतिक सह-अस्तित्वको वातावरण निर्माणलाई अगाडि बढाउने छ।

**उदाहरण**

- आधारभूत दिशानिर्देशको प्रचारप्रसारद्वारा सह-अस्तित्वको भावनाको विकास
- बहुभाषिक जराहरूको फैलावटको कारणले यस क्षेत्रमा सञ्चारका अवसरहरूलाई बढावा
- विदेशी र जापानीलाई एकअर्काको संस्कृति र परम्पराहरू जान्न र आदानप्रदान गर्ने स्थानको निर्माण
- विदेशीको अनुभव / सीप प्रदर्शन गर्ने वातावरण निर्माण
- स्थानीय समुदायको रआवश्यकता र विदेशी जनशक्तिकोसँग मेलखाने प्रणाली निर्माण

## त्सुरुमि मा बहुसांस्कृतिक सह-अस्तित्वको लागि काम गर्ने मानिसहरू

@वडा भित्र का रेस्टुरेन्ट, पसल, हुलाक कार्यालय आदि।

विदेशीको लागी सूचना प्रवाहलाई बलियो बनाउने

सूचना प्रवाह केन्द्रको विकास आदि



@त्सुरुमि वडा कार्यालयको सबै काउन्टर



बहुभाषिक उपलब्धता र 'सरल जापानी' को प्रवर्द्धन

अनुवाद उपकरणको प्रयोग, सामग्रीको बहुभाषीकरण, आदि

@NPO संगठन, स्वयंसेवी संगठन आदि।

विदेशीको आत्मनिर्भरताको लागि सहायता

अध्यान सहायता, उच्च शिक्षा / योग्यता हासिल सहायता आदि



@त्सुरुमि अन्तर्राष्ट्रिय आदान-प्रदान लाउन्ज
@जापानी भाषा सहायता केन्द्र सुविधा त्सुरुमि हिमावारि आदि।

सुरक्षित जीविकाको लागि सहायता

डेस्क परामर्श, जापानी भाषा कक्षा, आदि



@अन्तर्राष्ट्रिय विद्यार्थी भवन र स्थानीय स्वायत्तता संघ आदि।

विविध संस्कृतिको आदान-प्रदान, विदेशीको लागि अवसरहरूको निर्माण

आदान-प्रदान कार्यक्रम आदि



## 「त्सुरुमि वडा बहुसांस्कृतिक सह-अस्तित्व को लागि आधारभूत दिशानिर्देश」 निर्धारण प्रक्रिया

बहुसांस्कृतिकसहअस्तित्वकालागिशहरीविकासकोघोषणा

H २० साल
बहुसांस्कृतिक सहअस्तित्व प्रवर्द्धन कार्य योजना

▶

R तेस्रो वर्ष
विदेशी संख्या आधार सर्वेक्षण
(उद्देश्य डेटा)

R४・५ साल विदेशीजागरूकता सर्वेक्षण
(सुन्ने सर्वेक्षण)
सहायता संस्थाहरू/संस्थाहरू/विदेशी बासिन्दा

▶

**दिशानिर्देश निर्माण कार्य**

विज्ञको सल्लाह

सम्बन्धित संस्था / विदेशी नागरिकहरूको सुनुवाइ

▶

R ६ साल
बहुसांस्कृतिक सह-अस्तित्व आधारभूत दिशानिर्देश

<यस मार्गदर्शिकामा 'विदेशी' र 'देश' को उल्लेख>

【विदेशी】 ........ 「जापानी नागरिक बाहेक अन्य मानिसहरू」 「विदेशबाट जापान आएका मानिसहरू」 「विदेशमा जरा भएका मानिसहरू (उदाहरण: जसका आमाबाबु विदेशी नागरिक हुन्)」 त्यसरी, जापान बाहेक अन्य देश वा क्षेत्रसँग कुनै नकुनै प्रकारको सम्बन्ध भएका सबै मानिसहरूलाई समावेश गरिन्

【देश】 ............... जापान बाहेक सबै देश र क्षेत्रहरु लाई बुझाउँछ।

जारीकर्ता: योकोहामा शहर त्सुरुमि वडा कार्यालय वडा प्रशासन प्रवर्द्धन विभाग